**बैठक संख्याः** १-२०८३/८४
**बैठक मितिः** २०८३/४/१८, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/४/१८ गते (ने.सं. ११४६, दिल्लागा ५) सोमबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थितः**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री जयन्ती कार्की ~~लक्ष्मीप्रसाद अधिकारी~~ | का. वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| २ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ३ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ४ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ५ | श्री दिपक कुमार ढुङ्गेल | नायब सुब्बा | |

**बैठक संख्याः** १-२०८३/८४
**बैठक मितिः** २०८३/४/१८, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

<u>**प्रस्तावहरुः**</u>

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. पशु सेवा प्राविधिक श्री विशाल खत्रीको अध्ययन विदा थप गर्ने सम्बन्धमा ।
३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पुनरावलोकन भई प्राप्त O&M स्वीकृत गरी सभामा सिफारिस गर्ने सम्बन्धमा ।
४. याक्खा चोक - बिहिबारे सडकको मर्मत गर्ने सम्बन्धमा ।
५. विविध सम्बन्धमा ।

<u>**निर्णयहरुः**</u>

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि आर्थिक वर्ष २०८२/८३ मा भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) माथि छलफल गर्दा यस नगरपालिकामा पदाधिकार रही नेपाल पोलिटेक्निक इन्स्टिच्युट लि., भरतपुर, चितवनमा BVSc & AH कोर्षमा अध्ययनरत पशु सेवा प्राविधिक (स्थानीय कृषि सेवा, ला.पो. एण्ड डे.डे. समूह, सहायकस्तर पाँचौं) श्री विशाल खत्री (**कर्मचारी सङ्केत नं.**: २३२५०५) ले मिति २०८२/११/४ गते तलबी अध्ययन विदा थप गरिदिने विषयको निवेदन पेश गर्नुभएको ।
निजको तलबी अध्ययन विदा थप गर्न मिल्ने/नमिल्ने सम्बन्धमा प्रचलित कानून र निजको अध्ययन विदा सम्बन्धी संलग्न फाइलको अध्ययन गरी कार्यालयबाट "निज कर्मचारी श्री विशाल खत्रीको अध्ययन विदा प्रक्रिया '*<u>कर्मचारी समायोजन ऐन, २०७५</u>*' को प्रावधान बमोजिम अगाडी बढेको देखिन आएकोले '*<u>निजामती सेवा नियमावली, २०५०</u>* को नियम ६१ बमोजिम निजी प्रयासबाट अध्ययन प्रक्रिया सुरुवात भई हाल अध्ययनरत रहेकाले निजलाई मिति २०८२/११/२ देखि लागू हुने गरी थप दुई वर्ष (२०८४/११/१ सम्म) बेतलबी अध्ययन विदा थप हुने गरी '*<u>स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०</u>* को दफा १२४ बमोजिम नगर कार्यपालिकाको बैठकबाट निर्णय हुने गरी प्रस्ताव लैजान" भन्ने विषयको रायका सम्बन्धमा नगरपालिकाबाट पेश भएको रायमा उल्लिखित शर्त बमोजिम हुने गरी '*<u>स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०</u>* को दफा १२४ बमोजिम निजको बेतलबी अध्ययन विदा मिति २०८३/११/२ गते देखि मिति २०८४/११/१ गते सम्म कायम हुने गरी २ (दुई) वर्ष थप गर्ने ।

बैठक संख्याः १-२०८३/८४
**बैठक मितिः** २०८३/४/१८, **समयः** पूर्वान्ह ९:३० बजे
**स्थानः** धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

३. प्रस्ताव नं. (३) माथि छलफल गर्दा नगर कार्यपालिकाको आर्थिक वर्ष २०८२/८३ अन्तर्गत मिति २०८३/३/३ को पूर्व निर्णयानुसार यस नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, आ.व. २०८२/८३ स्वीकृत गरी '*सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२*' को दफा ९ को उपदफा (५) बमोजिम स्वीकृतिका लागि आगामी नगरसभामा सिफारिस गर्ने साथै उक्त मापदण्डको दफा १२ को उपदफा (२) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, नेपालमा मूल्याङ्कनका लागि पठाउने निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (शासकीय सुधार इकाइ), कोशी प्रदेश, नेपालको मिति २०८३/४/११ को पत्रसाथ मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पुनरावलोकनका लागि सुझावका बुँदा सहित पठाइएको राय यस नगरपालिकामा मिति २०८३/४/१२ मा प्राप्त भएको ।

मूल्याङ्कन समितिको निर्णय सहित धर्मदेवी नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा परिमार्जन हुन प्राप्त भएका सुझावहरूका सम्बन्धमा नगर कार्यपालिकाको पूर्व निर्णय बमोजिम गठित सर्वेक्षण समितिले पुनः अध्ययन तथा परिमार्जन गरी मूल्याङ्कन समितिबाट प्राप्त सुझावहरूलाई '*सङ्गठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२*' को दफा १२ को उपदफा (५) बमोजिम सबै सुझावहरूलाई समेटी तयार भएको '*सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३*' स्वीकृत गरी नगरसभाको आगामी सोह्रौं अधिवेशनको पाँचौं बैठकमा स्वीकृतार्थ पेश गर्ने ।

४. प्रस्ताव नं. (४) माथि छलफल गर्दा याक्खा चोक देखि बिहीबारे सम्मको सडक खण्ड अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को Contract ID No.: DDM/ROAD/08/NCB-2080/081 तथा आर्थिक वर्ष २०८१/८२ को Contract ID No.: DDM/05-081/82 (Ch 540+1040) का ठेक्काहरू मार्फत् निर्माण भएको सडक हाल मर्मत गर्नुपर्ने अवस्थामा रहेको हुँदा सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम ठेक्काको त्रुटी सच्याउने अवधि [Defects Liability Period (DLP)] रहेको भए सम्बन्धित निर्माण व्यवसायीलाई तथा सो अवधि व्यतित भएको भए नगरपालिकाको "सडक मर्मत" शीर्षकबाट खर्च लेख्ने गरी यथाशीघ्र मर्मत गर्ने ।

५. प्रस्ताव नं. (५) माथि रहेको विविध प्रस्ताव सम्बन्धमा छलफल गर्दा तपसिल बमोजिम गर्ने।

(क) नगरसभाको सोह्रौं अधिवेशनको पाँचौं बैठक मिति २०८३/४/२९ गते पूर्वान्ह ११:०० बजे बस्ने।

(ख) आर्थिक वर्ष २०८३/८४ को लागि यस नगरपालिकामा समेत लागू हुने सङ्खुवासभा जिल्लाको प्रकाशित जिल्ला दररेट जानकारी भयो ।

(ग) वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८३/०४/१४ गतेको बैठकबाट आर्थिक वर्ष २०८३/८४ मा हालसम्म पेश भएका तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरूको क्षतिको अध्ययन तथा मूल्याङ्कन गरी आवश्यक राहत तथा क्षतिपूर्ति रकम निकासाका लागि नगर कार्यपालिका समक्ष पेश गर्ने निर्णय प्राप्त भई सो समितिबाट निर्णय गर्दा उक्त समितिबाट सिफारिस भए बमोजिम तपसिलमा उल्लिखित व्यक्तिहरुको क्षतिको मूल्याङ्कन स्वीकृत गरी जनही रु. १०,०००/- (दश हजार) मात्र का दरले राहत रकम निकासा गर्ने।

| क्र.सं. | व्यक्तिको नाम | ठेगाना | क्षतिको किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | वीर बहादुर बस्नेत | ध.न.पा. ४ | गाई, बाख्रा बस्ने कटेरो पहिरो गई क्षति पुऱ्याएको | |
| २ | दल बहादुर अधिकारी | ध.न.पा. ४ | घर र शौचालयको जग छेऊमा पहिरो गई क्षति पुऱ्याएको | |
| ३ | जस बहादुर जिमी | ध.न.पा. ५ | कुलो मुहान र अलैची बारी पहिरो गई क्षति पुऱ्याएको | |
| ४ | केदारमान खड्का | ध.न.पा. ४ | खेतबारी र गोठ पहिरो गई क्षति पुऱ्याएको | |
| ५ | सुनिल जिमी | ध.न.पा. २ | बाघको आक्रमणबाट बाख्रा मरेको | |
| ६ | घनेन्द्र बहादुर श्रीपाली | ध.न.पा. ४ | बस्ने घर जग वरिपरी जमिन भासिएर घर बस्न योग्य नभएको | |
| ७ | प्रमिला सार्की | ध.न.पा. ४ | बस्ने घर पहिरो गई पूर्ण क्षति भएको | |